# पोर्चुगलको FLOPEN वन समूह प्रमाणीकरण योजना

यो पोर्चुगाली अध्ययनले Coimbra क्षेत्रका विविध किसिमका साना र निजी वनहरुले वन सम्बर्धनका कामहरु पटक्कै नभएको र प्रमाणीकरण प्रक्रिया माथि नै शंका उपशंका भइरहेको अवस्थामा कसरी प्रमाणीकरण प्राप्त गरे भन्ने कुरा देखाउँछ । पोर्चुगलमा बहु स्वामित्व र थोरै पुँजी (Micro Property) भएको FLOPEN नै पहिलो समूह प्रमाणीकरण लिने संस्था हो । यस अघि अभ्यास नै नभएकोले अगाडिका अभ्यासबाट सिकेर अगाडि बढ्नो अवस्था नै नभएको बेला आएका चुनौतीहरुलाई रणनीति साझेदारी र व्यवस्थापन योजनाको सिर्जनात्मक समिश्रण सामना गरियो ।

## पृष्ठभूमि

मध्य पोर्चुगलेका कोमब्रा क्षेत्रका उष्ण प्रदेशिय वन धेरै स-साना (दुई हेक्टर भन्दा पनि साना) नीजि वनहरु मिलेर बनेको छ । सदियौं देखि यी वन क्षेत्र किनवेच र भागवण्डा भइ आएका हुनाले यिनीहरु सम्बन्धि तथ्यांक पुराना र कति त बेठिक नै छन् । यसले गर्दा १) वन सम्बर्धन कार्य र योजना छँदै छन् २) प्राकृतिक फिचर (जस्तै रैथाने, वासस्थान, नदी, तटीय मार्ग र आगलागी नियन्त्रण गर्न पूर्वधार) दुवै क्षतविक्षत भएका छन् । समग्रमा यो क्षेत्र कच्चा पदार्थ उत्पादनमा कमि हुने र त्यसको बजार भाउ पनि कम भएको क्षेत्रको रुपमा देखिएको छ ।




FLOPEN का सदस्यहरुको वन क्षेत्रको दृश्य

## शुरुका चुनौतिहरु

िइएप्ले समूह सदस्यहरु एफ.एस.सी. प्रमाणीकरणको लागि प्रतिबद्ध भएपनि सबै सिद्धान्त र आधारहरु पुरा हुने अवस्था नभएकोले प्रमाणीकरण सम्भव थिएन । यी साना समूहमा संरक्षण क्षेत्र छुट्याई व्यवस्थापन गर्न सकिएको थिएन जुन एफ.एस.सी.को मुख्य आवश्यकता नै हो । पोर्चुगलमा यो पहिलो समूह प्रमाणीकरण भएकोले गर्दा यस्तो बहु स्वामित्व र सानो क्षेत्रमा केही गर्न सकिन्न भन्ने आम धारणा थियो । फेरी यस्तो अभ्यास नभएकोले पहिलेको अनुभव बाट सिक्ने अवस्था पनि थिएन । त्यसमाथि वस्तु प्रमाणिकरण प्रक्रियामा जाँदा सबै प्रक्रिया पारदर्शी र स्पष्ट हुनुपर्ने कारणले प्रमाणीकरण प्रति नै प्रतिरोध जस्तो थियो । ठेकेदारलाई खडा रुख नै बिक्री गरिन्थ्यो भने उसले स: मिलहरुलाई फेरि बिक्री गरिदिन्थ्यो । वन धनीहरुलाई यी ठेकेदारले मिलहरुबाट कति पैसा लिएर काठ बेच्छन् र आफुले कति पाएका छौं भन्ने कुराको पत्तो नै थिएन । त्यसमाथि कति ठेकेदारले एफ.एस.सी. प्रमाणपत्र नै पाएका थिएन् । जसले वस्तु प्रमाणीकरणको चेन नै टुट्न गएको थियो ।

> "तपाईहरुले हाम्रा सदस्यहरुलाई छरिएर रहदा भन्दा समूहमा आबद्ध भयो भने कति बढी कमाउनु हुन्छ भन्ने कुरा छर्लङ्ग पारिदिनुभयो । उनीहरुले बिक्री तिवरण पक्षमा मात्र होइन समूहमा आबद्ध भएपछि हुने निकटतम प्राविधिक सहकार्यले गर्दा वन व्यवस्थापन कार्यबाट कसरी लाभांश बढाउन सकिँदो रहेछ भन्ने कुरा बुझेका छन् ।"
>
> João Ribiera, कार्यकारी निर्दहक, FLOPEN

## समूह प्रमाणीकरण प्राप्ति

SA उडमार्क भन्ने प्रमाणीकरण गर्ने निकायसँगको निकटताले गर्दा समूह स्तरमा एफ.एस.सी.को प्रावधान अन्तर्गत नै प्रमाणीकरण गर्न सकिन्छ भन्ने निश्कर्षमा पुगियो । यस अघि नै FLOPEN र सदस्यहरुविच निकट सहकार्यलाई आधार मानी समूहको संरचना बनाइयो । व्यवस्थापन योजना तर्जुमा गर्नको लागि आवश्यक पर्ने आधार तथ्यांक संकलन गर्नको लागि FLOPEN ले सबै समूह सदस्यका वनको नक्सांकन र श्रोत मापन गर्ने काम सम्पन्न गऱ्यो । समूह सदस्यहरुले आ-आफ्नो उद्देश्य अनुसार व्यवस्थापन विकल्पको बारेमा छलफल गर्ने र परिभाषित गर्ने काम गरे ।




ँFLOPEN ले डढेलो नियन्त्रण गर्न बनाएको कार्यक्रम

## नयाँ प्रणालीको सिर्जना र साझेदारी

प्रमाणीकरणले FLOPEN लाई नयाँ प्रणाली विकास गर्ने तर्फ अगाडि बढायो । यो प्रणाली अन्तर्गत CERNE डाटावेश निर्माण भयो । यो डाटावेसले GPS नक्सांकन तथ्यांक कम्पाइल गर्ने र सम्बर्धन कार्यहरुको Schedगभि गर्ने काममा सघाउ पुऱ्यायो । यो प्रणालीले वन सम्बर्धन र संरक्षणका कामहरु गर्नको लागि समूहहरुविच भौतिक तथा प्राविधिक श्रोतको आदानप्रदान गर्न सजिलो बनायो । फलस्वरुप समूहहरुको खर्च कटौती समेत भयो । साझेदारीता समेत स्थापित भयो । उडमार्कले SATIVA मार्फत सहभागितामूलक पूर्व मूल्यांकन गरायो । यो बेलामा सदस्यहरुले आफ्नो वनको मूल्यांकन कसरी गर्ने भन्ने कुरा सिके । पछि SATIVA ले बेलायतका एफ.एस.सी. प्रमाणित समूहहरुमा एउटा भ्रमणको आयोजना गऱ्यो जसले गर्दा यी समूहहरुलाई बेलायतका समूह व्यवस्थापकहरुसँग संस्थागत मोडेल बारे छलफल गर्न सजिलो बनाइदियो । पोर्चुगाली वन कम्पनी SILIVICAJMA ले यी समूहलाई प्रोफरेन्टको उच्च महत्व भएका वन संरक्षण सम्बन्धी Toolkit उपलब्ध गरायो र कसरी यस्ता तरिकाहरु आफ्नो प्रमाणीकरण गर्दा अवलम्बन गर्न सकिन्छ र FLOPENँ मा कसरी लागु गर्न सकिएला भन्ने बारेमा

तालिम प्रदान गऱ्यो ।




समुदायद्वारा व्यवस्थित उच्च मुल्यको वन

## प्रभाव

FLOPEN ले अहिले एफ.एस.सी. प्रमाणित ठूलो परिमाणका काठको लागि मिलहरुसँग बढी मूल्यको लागि डाइलग गर्न सक्छ र प्राप्त हुने मूल्य आफ्ना समूहसँग सिधै पुऱ्याउँदछ । यसले गर्दा काठ व्यापारी र मिलहरु विच बन्द कोठामा हुने गोप्य सम्झौताको अन्त्य गरेको भएको छ । ठेकेदारहरुले आफुले FLOPEN सदस्यहरुलाई प्रदान गर्ने कटान र ढुवानी सेवा खुला बोलकबोल मार्फत दिन्छन् । ठेकेदारले FLOPEN का प्रमाणित वनमा काम गर्नको लागि आफु स्वास्थ्य र सुरक्षा सम्बन्धी प्रावधान अनुसरण गर्न प्रतिबद्ध भएको कुरा प्रमाणित गर्नुपर्दछ । एफ.एस.सी. का मापदण्ड पुरा गरेको छ छैन भनेर समूह

सदस्यहरुले ठेकेदारहरुको कार्यगत क्षमता अनुगमन गर्ने गर्दछन् ।

## सिकाईहरु

➢“एक भएर सोच्ने र काम गर्ने” यो भनाई FLOPEN का सदस्यहरुले स्वीकार गरेको र उनीहरुमा हु बहु मिल्न जान्छ । छुटटाछुटटै काम गर्दा भन्दा एउटा समूहमा आबद्ध भएर काम गर्दा विक्री वितरण र प्राविधिक क्षमता दुवैमा बढी फाइदा हुने देखियो ।

➢कार्य सम्पादनमा सुधार गर्ने हो भने समूह सदस्यहरुलाई उपयोगी हुने गरी कार्य प्रणाली र क्रियाकलापहरु डिजाइन गर्नु अत्यावश्यक हुन्छ । लामो समय देखिको आपसी परामर्श र क्षमता अभिवृद्धि गर्ने कार्यले यो कुरा प्राप्त गर्न सकिएको हो ।

➢समूह व्यवस्थापक र सदस्यहरुविच नियमित रुपमा संचार समन्वय हुन अत्यन्त आवश्यक छ र यसलाई उत्तम अभ्यासको रुपमा लागु गरिनु पर्दछ । FLOPEN ले आफ्ना सदस्यहरुबाट अनुगमन प्रक्रियालाई चुस्त पार्न त्रैमासिक प्रतिवेदन लिने गर्दछ

सिक्नै पर्ने महत्वपूर्ण शिक्षा भनेको समूह सदस्यहरुले सामाजिक रुपमा कसरी व्यवहार गर्छन र उपयुक्त प्रणाली कसरी डिजाइन गर्दा रहेछन् भन्ने हो

## भविष्य

FLOPEN का अरु चुनौतिहरु यस प्रकार छन :

➢आफ्नो उत्पादन दर र संरक्षण आवश्यकतालाई असर नपर्ने र सामाजिक आर्थिक र प्राविधिक हिसाबले सक्षम हुने गरी कसरी आफु फैलदै जान सकिन्छ भन्ने बारेमा समूह सदस्यहरुलाई प्रशिक्षित गर्नु जरुरी छ ।

➢उच्च मूल्य भएका वनको सम्बन्धमा सरोकारवाला संस्था -जस्तै स्थानीय गैर सरकारी संस्था, राज्यको संरक्षण निकाय आदि) बाट अत्यन्त न्युन सहयोगलाई कसरी बढाउने भन्ने अर्को चुनौति रहेको छ । विद्यार्थीहरुसँग मिलेर उच्च मूल्य भएका वनको पहिचान गर्ने काम गर्नु पर्दछ ।

➢पोर्चुगाली राष्ट्रिय अग्रसरताले निर्माण गरेको विधि र एफ.एस.सी. प्रमाणीत कम्पनीको अनुभवको आधारमा उच्च मूल्यका वनको संरक्षण र प्रबर्द्धन गर्ने किसिमको व्यवस्थापकीय मार्गदर्शनको निर्माण गर्नु पर्ने हुन्छ ।

### तथ्य तथा आंकडा

**प्रमाणपत्र:** SA-FM/COC-001764, (१७ अक्टोबर २००७ मा मसला र सल्ला जातको लागि जारी गरिएको)

**क्षेत्रफल:** ७७४ हेक्टर

**सदस्यता:** ०.९६ हेक्टर - ५० हेक्टर सम्म क्षेत्रफल भएका ४४ वटा सदस्यहरु

**परिमाण:** वार्षिक कारोबार ३८०००० डलर ५०००० घन मि.

FSC Trademark © 1996 Forest Stewardship Council A.C. FSC-GRB-655

Information provided by Vanessa Linforth

**Contact details**

**FLOPEN** Largo da Feira 3230 - 072, Espinhal, Portugal
Tel: + 351 239 559 480; Fax : + 351 239 559 035
Email: flopen@flopen.org Web : www.flopen.org
**Vanessa Linforth (SATIVA)** Departamento Florestal
RUA ROBALO GOUVEIA, nº 1-1 A - 1900-392 LISBOA
Tel:+ 351 21 799 1100; Fax: + 351 21 799 1119
Email: vl@sativa.pt Web: www.sativa.pt